श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको देहायबमोजिमको ऐन सर्वसाधारणको जानकारीको निमित्त प्रकाशित गरिएको छ।

२०११ सालको ऐन नं. २

# नेपाल सरकार राजकीय परिषद् ऐन
# २०११

प्रस्तावनाः—हामी श्री ५ महाराजाधिराजको गाथमा प्रलम्बित अस्वस्थताको कारण उचित इलाजको लागि केही समय विदेशमा सवारी हुनुपर्ने भएकोले सवारी देशबाट बाहिर रहुन्जेल मुलुकको दैनिक कामकाज नरोकियोस् भन्नाको लागि एउटा राजकीय परिषद् (State council) खडा गर्नु आवश्यक हुँदा मन्त्रि-मण्डलको सल्लाहले हामी श्री ५ महाराजाधिराज त्रिभुवन वीरविक्रम शाहदेवबाट देहायका दफाहरूको यो ऐन बनाई जारी गरिबक्सेको छ

१. छोटकरी नामः— यो ऐनको नाम "नेपाल सरकार राजकीय परिषद् ऐन २०११" भन्ने रहेको छ।

२. सीमा र अवधिः— [१] यो ऐन नेपाल भरमुलुकमा लागु हुनेछ।
[२] यो ऐन तुरुन्त लागु भई हाम्रो सवारी नेपाल नफिरुन्जेल कायम रहनेछ।

३. धर्म भाकने र गठनः— [१] हाम्रो सवारी नेपाल सरहदबाहिर रहुन्जेलका लागि देहायका सदस्यहरूको एउटा राजकीय-परिषद् कायम रहनेछ।
(१) श्री ५ युवराजाधिराज महेन्द्रवीरविक्रम शाहदेव।
(२) श्री ५ माहिला अधिराजकुमार हिमालयवीरविक्रम शाहदेव।
(३) श्री ५ कान्छा अधिराजकुमार बसुन्धरा वीरविक्रम शाहदेव।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

[२] राजकीय–परिषद्को अभिभारा उठाउने अगाडि सदस्यहरूले हाम्रो या हामीबाट यस कामको लागि तोकिबक्सिएको व्यक्तिको समक्षमा अनुसूचीमा दिएबमोजिमको धर्म भाकनुपर्दछ।

४. सभा, कोरम,बहुमत निर्णयः– [१] राजकीय-परिषद्का सदस्यहरूले राजकीय परिषद्को सभा गर्ने टायम दिन र स्थान आफैं ठेगान गर्नेछन् र सोहीबमोजिम हुनेछ। टायम, दिन र स्थानको हेरफेर गर्नुपरेमा पनि सभा गरी अदली बदली गर्न सक्नेछन्।

[२] राजकीय–परिषद्को कोरम पुऱ्याउनको लागि कमसेकम २ जना सदस्यहरू रहनुपर्दछ। २ जना सदस्यहरू जम्मा भएपछि अरू सदस्यले सभाको सूचना पाई विशेष कारणले गैर हाजिर भए पनि राजकीय परिषद्को सभा रोकिन सक्तैन।

(३) राजकीय–परिषद्का सभासदहरूको राय बाझिभएमा बहुमत सदर हुनेछ। दुइ राय भई बराबर भोट भएमा श्रेष्ठ सदस्यको राय जतापट्टि छ, सोही सदर हुन्छ।

५. छाप सदर गर्नेः–(१) राजकीय–परिषद्को २०१० सालमा काटिएको छाप यो पटकलाई पनि सोही कायम रहनेछ। सो छाप सदस्यहरूमध्ये कुनै एक सदस्यको जिम्मा राजकीय परिषद्ले लगाउनेछ।

(२) राजकीय–परिषद् सभाको निर्णयहरू सो कामको निमित्त मन्त्रिमण्डलबाट सिफारीस गरी तोकिएको अफिसरले एउटा खास किताब खडा गरी सो किताब रोलेसँग महिना मिति जनाई दर्ता गरी राख्नेछ। निर्णय र रायबाझी भएमा जो भएको छ, सदस्यहरूको र उक्त अफिसरको समेत दस्तखत गरी राजकीय परिषद्को छाप लगाई राख्नुपर्दछ। यति रीत पुगेको निर्णय पक्का मानिनेछ।

६. अधिकारः– (१) राजकीय–परिषद्लाई देहायको सम्म काम गर्ने अधिकार बक्सेको छ।

(क) बिर्ता दिने र यस ऐनबाट अधिकार प्राप्त नभएका बाहेक मन्त्रिमण्डलको सिफारीस भएमा अरू लालमोहर लगाउने सबै कलममा समेत लालमोहर लगाउने।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

(ख) मन्त्री या मन्त्रिमण्डललाई ऐन सवाल नियमबाट दिए पाएबमोजिम सरकारी कर्मचारीको नयाँ भर्ना, सरुवा, बढुवा, खारीज खोस मोस सस्पेन्ड गरेकोमा शाही कमिशन दिनपरि नियमित पद (Statutory Posts) विषय इत्यादिमा हाम्रो स्वीकृति लिनुपर्ने कलमहरूमा सहमति दिने।

(ग) माथि उपदफा (क), (ख) मा लेखिएबाहेक अरू सरकारी काजकाम चलाउनको लागि ऐन, सवाल, रुल, नियमबमोजिम मन्त्री या मन्त्रिमण्डलको निर्णय भएका कलमहरूमा हामीबाट विधिवत् ( formal ) स्वीकृति दिने कलमहरूमा विधिवत सम्मति या सहमति दिने।

(घ) मन्त्रिमण्डलको निर्णय राजकीय–परिषद्मा छलफल हुँदा कुनै कलममा मन्त्रिमण्डलको निर्णयसँग राजकीय–परिषद्को मतभेद भएमा पुनः निर्णय गर्न बेहोरा खोली लेखोटसाथ मन्त्रिमण्डलमा फिर्ता पठाउने र राजकीय परिषद्को चित्त नबुझेमा यस ऐनको दफा ६ को उपदफा(२) बमोजिम हुनेछ।

(२) माथि उपदफा (१) मा लेखिएका कुनै कुराबाट पनि राजकीय परिषद्लाई देहायका काम गर्ने अधिकार दिइएको छैन।

(क) मन्त्रिमण्डल भङ्ग गर्ने।

(ख) प्रधानमन्त्रीको मञ्जूरी वा सिफारीस ( Recommendation ) बेगर नयाँ मन्त्री बहाल गर्ने या बहालवाला मन्त्री खारीज गर्ने।

(ग) मन्त्रिमण्डलको इच्छाविरुद्ध कुनै कुराको निर्णय गर्ने।

(३) माथि दफा दफामा बक्सेको बाहेक अरू सबै राजकीय अधिकार हामी श्री ५ महाराजाधिराजमै रहनेछ र राजकीय परिषद् र मन्त्रिमण्डलको रायाफी भएका कलमहरू हाम्रा हजूरमा जाहेर गर्नुपर्नेछ, औ हामीबाट निकाशा बक्सेबमोजिम हुनेछ।

(४) हाम्रा अनुपस्थितिमा लालमोहरको छाप श्री ५ युवराजाधिराजको जिम्मामा रहनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ

बद्र गर्ने र अद्ली बद्ली गर्ने श्री ५ महाराजाधिराजको अधिकारः—

७ (१) हामीबाट यो ऐन बमोजिम खडा भएको राजकीय–परिषद् खारीज गर्ने वा त्यसको सदस्यहरू अद्ली बद्ली गर्ने, घटाउने बढाउने अधिकार हामीमै राखिबक्सेको छ ।

(२) हामीले विदेशबाट पठाइबक्सेको हुकूममा साथमा रहेको नमूनाबमोजिमको यसै दफाको फटकेमा लागेका विशेष छाप र बाहुली निशाना परेपछि लालमोहर भएसरह मान्यता दिइनेछ ।

अनुसूची

म ......................... श्री ५ महाराजाधिराजबाट आज मलाई मनोनीत गरिबक्सेको राजकीय परिषद्को सदस्यको हैसियतले श्री ५ महाराजाधिराज तथा मौसूफका उत्तराधिकारीहरू तथा २००७ सालको र त्यसपछि पटक पटक संशोधन भएको अन्तरीम शासन विधान र राजकीय–परिषद् २०११ सालका ऐन र देशका प्रचलित अरू ऐन, कानूनहरूप्रति पूर्णतया बफादार रही यस राजकीय–परिषद्को सदस्यले गर्नुपर्ने कामहरू इमान्दारीसाथ गर्नेछु भनी ईश्वर साक्षी राखी धर्म भाक्दछु ।

इति संवत् २०११ साल आश्विन गते रोज शुभम्

सद्र २०११।६।१५।६

आज्ञाले—
तिलकशमशेर थापा
सेक्रेटरी—कानूनमन्त्रालय.

गोरखापत्र छापाखानामा मुद्रित । सरदार विष्णुध्वज जोशी.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि म